म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ८१ २०८० माघ २५ गते बिहीबार 8 February 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा भाडामा चाहियो ?**



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नम्बरः ९८४९४५४६८३**

## देशमा संघीय व्यवस्था असफल भइसक्यो: अध्यक्ष यादव



समाज संवाददाता

हेटौंडाः जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले देशमा संघीय व्यवस्था असफल भएको बताउनुभएको छ । बुधबार हेटौंडामा आयोजित नगर समिति घोषणा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

संघीयताले मुलुकमा स्थायित्व दिन असफल भएको उहाँले बताउनुभयो । संघीयता आएपनि देशमा बेथिति नहटेको उहाँले बताउनुभयो। उहाँले देशमा संघीय व्यवस्था असफल हुनुमा संविधानको संरचनागत ढाँचा नै गलत रहेको बताउनुभयो। स्थानीय र प्रदेश सरकारले अझै पनि आफ्नो अधिकार नपाउँदा काम गर्न नसकिरहेको उहाँले बताउनुभयो । जसले गर्दा मुलुकको अझै विकास हुन नसकेको उहाँको भनाइ छ ।

मुलुकमा विकास गर्न, सुशासन कायम गर्न र जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउन अहिलेको संविधानलाई सच्याएर नीति नियम बनाउनुपर्ने बताउनुभयो । उहाँले मुलुकलाई समृद्ध बनाउन संघीय गणतन्त्रलाई स्थापित गरेर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । यसका लागि फेरि जनताले मुलुकमा देखिएको समस्याको अन्त्य गर्न संघर्ष गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

उहाँले अहिले देशको आर्थिकस्तर झन् खस्किँदै गइरहेको बताउनुभएको छ । देशमा बहुदलीय व्यवस्था स्थापना भएको धेरै भएपनि सुशासन कायम हुन नसक्दा मुलुकको आर्थिक विकास हुन नसकिरहेको उहाँको भनाइ छ । उहाँले अहिले बन्द रहेको सबै उद्योगलाई चलाउने नीति बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले खस्केको शिक्षाको स्तर उकास्न, बेरोजगारी हटाउन र गरिबी न्यूनीकरण गर्न आवश्यक रहेको बताउनुभयो ।

## राक्सिराङमा पनि एसईई परीक्षा केन्द्र

समाज संवाददाता

हेटौंडाः आगामी चैत १५ गतेबाट सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) का लागि मकवानपुरको राक्सिराङ गाउँपालिकामा पनि परीक्षा केन्द्र कायम गरिने भएको छ । प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने जिल्ला परीक्षा समन्वय समिति मकवानपुरको माघ १५ गते बसेको बैठकले जिल्लाको चेपाङ बाहुल्य दुर्गम क्षेत्रमा पनि परीक्षा केन्द्र कायम गर्ने निर्णय गरेको हो ।

जिल्ला परीक्षा समन्वय समितिका सदस्य-सचिव समेत रहनुभएका शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमका अनुसार पालिकाको सिफारिससहित विद्यालयले माग गरेपछि राक्सिराङ गाउँपालिकाको प्रजा जागृति माविमा परीक्षा केन्द्र कामय गर्ने निर्णय गरिएको छ । राक्सिराङको प्रजा जागृति माविमा देवीटार मावि, सूर्योदय मावि, राष्ट्रिय मावि सिलिङ्गे, कालिका मावि खैराङ र कालिका मावि राक्सिराङका विद्यार्थीले परीक्षा दिन पाउनेछन् । प्रजा जागृतिमा दुइ सय ८१ जना विद्यार्थीले परीक्षा दिनेछन् ।

परीक्षा केन्द्र कायम गर्ने सन्दर्भमा परीक्षा केन्द्रको सुरक्षा, परीक्षा केन्द्र निर्धारण गरिने विद्यालयको भौतिक संरचना, पर्खाल, डेस्क-बेन्च, विद्यार्थीको सहजतालगायतलाई ध्यान दिइने गौतमको भनाइ छ । यसअघि राक्सिराङ गाउँपालिकाका विद्यार्थी एसईईमा सहभागी हुन छिमेकी मनहरी गाउँपालिकामा धाउन बाध्य थिए । राक्सिराङ गाउँपालिकामा एउटा परीक्षा केन्द्र तोकिएसँगै मकवानपुर जिल्लामा एसईईका लागि परीक्षा केन्द्रको संख्या २६ पुग्ने भएको छ ।

मकवानपुर जिल्लाको कैलाश गाउँपालिका मात्रै एसईईको केन्द्रविहिन पालिका हो। विद्यार्थीको सहजताका लागि विद्यालयले पालिकाको सिफारिसमा त्यहाँ पनि आवश्यक मापदण्ड पूरा हुने अवस्था रहेमा केन्द्र निर्धारण गर्न सकिने इकाई प्रमुख गौतमको भनाइ छ। यस वर्ष मकवानपुर जिल्लाका एक सय ३८ विद्यालयबाट छ हजार एक सय ५६ जना विद्यार्थीले एसईईको परीक्षा फारम भरेका छन् ।

## आजदेखि एसईई मौका परीक्षा हुँदै

हेटौंडाः बिहिबारदेखि हेटौंडा उपमहानगर, बकैया र मकवानपुरगढी गाउँपालिकाका ४७ वटा सामुदायिक विद्यालयमा एक साथ विद्यालय शिक्षा परीक्षा (एसईई) अभ्यास परीक्षा हुने भएको छ । नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाको समन्वयमा तीन वटा पालिकाका ४७ विद्यालयमा एक साथ अभ्यास परीक्षा हुन लागेको हो । अभ्यास परीक्षा दिनको १ बजेबाट सुरु हुने नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष भोगेन्द्र लुइटेलले जानकारी दिनुभएको छ ।

परीक्षामा सहभागी हुन ४७ वटा विद्यालयका दुइ हजार छ सय ११ जना विद्यार्थीले फारम भरेका छन् । हेटौंडा उपमहानगरपालिकाका २७ वटा, बकैया गाउँपालिकाका १२ वटा र मकवानपुरगढी गाउँपालिकाका ८ वटा विद्यालयले नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडासँगको सहकार्यमा परीक्षा सञ्चालन गर्न लागेको हो । विद्यार्थीले अभ्यास परीक्षा आफ्नै विद्यालयमा दिनेछन् ।

नगरस्तरीय शैक्षिक समन्वय समितिले विद्यालयलाई प्रश्नपत्र र उत्तर पुस्तिका उपलब्ध गराउने छ । यसअघि मकवानपुर जिल्लाका संस्थागत विद्यालयहरुले माघ १४ गतेदेखि एसईई अभ्यास परीक्षा सुरु गरेर माघ २२ गते परीक्षा सकाइसकेको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले देशव्यापी सञ्चालन गरेको अभ्यास परीक्षा फरक विद्यालयमा केन्द्र निर्धारण गरेर सञ्चालन गरेको थियो ।

## मकवानपुर गोल्डकप

## १९औं पेनाल्टी प्रहारपछि एनआरटी फाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी छैठौं संस्करणको स्थानीय तह सहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा न्यू रोड टिम (एनआरटी) फाइनलमा प्रवेश गरेको छ । बुधबार हेटौंडा-६ स्थित गौरिटार रंगाशालामा भएको पहिलो सेमीफाइनल खेलमा एनआरटीले धनकुटाको राजारानी क्लबलाई पराजित गर्दै फाइनल प्रवेश गरेको हो ।

निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि भएको पेनाल्टी सुटआउटमा पनि उत्तिकै प्रतिस्पर्धा भएको थियो । दुइ टिमका १९/१९ जना खेलाडीले पेनाल्टी प्रहार गरेपछि मात्रै खेलको निर्णय निक्लिएको थियो। १९ औं पेनाल्टी प्रहारका क्रममा राजारानीका शिशिर लेखीको प्रहार एनआरटीका गोलरक्षक प्रिसोले रोकेपछि एनआरटीका मोहिन गुरुङले विजयी गोल गरे । म्यान अफ द म्याच एनआरटीका प्रिसो घोषित भए। प्रिसोले ट्रफीसँगै नगद १० हजार रुपैयाँ पाए ।

दोस्रो सेमीफाइनल खेल बिहिबार सशस्त्र प्रहरीको एपीएफ र सर्लाहीको बागमती युवा क्लबबीच हुनेछ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ। प्रतियोगिताको विजेता टिमले १५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १० लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ३५० सीसीको बुलेट बाइक प्राप्त गर्नेछ। मकवानपुरका स्थानीय तह, बागमती प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोगमा मकवानपुर जिल्ला फुटबल संघले गोल्डकपको आयोजना गरेको हो।






## सम्पादकीय

# नदोरियोस् उद्योग बन्दको शृंखला

कोइला अभावमा बन्द भएको हेटौंडा सिमेन्ट उद्योग सञ्चालनमा आएको छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योग बन्द भएको ४ महिनापछि पुन: सञ्चालनमा आएको हो । दशैंपछि बन्द भएको उद्योग सञ्चालनमा आए पनि फेरि बन्द हुनसक्ने देखिएको छ । उद्योग सञ्चालनका लागि अति आवश्यक पर्ने कोइला पर्याप्त स्टक नभएका कारण उद्योग पुन: बन्द हुनसक्ने सम्भावना देखिएको हो । उद्योगमा १५ दिनलाई मात्र पुग्ने एक हजार टनमात्र कोइला रहेका कारण १५ दिनपछि के हुन्छ भन्ने निश्चितता छैन । उद्योगले कोइला मगाइराखेको भने पनि समयमा कोइला नआए उद्योगमा उत्पादन बन्द हुने निश्चित रहेको बताइएको छ । पछिल्ला ४ वर्षदेखि निरन्तर घाटामा चलिरहेको उद्योगले पर्याप्त कोइला भण्डारण गर्न नसक्दा उद्योग बन्दको शृंखला दोहोरिने सम्भावना देखिएको छ ।

सिमेन्ट उत्पादनका लागि चाहिने कोइलाको अभाव देखाउँदै उद्योगले समयसमयमा उत्पादन कार्य ठप्प गर्दै आएको छ । विगतमा पनि मेशिनमा समस्या आएर, कोइला तथा अन्य कच्चा पदार्थको आपूर्ति व्यवस्थापन गर्न नसकेर तथा अन्य समस्या देखाएर बारम्बार उद्योग बन्द हुँदै आएको थियो । पूर्ण क्षमतामा उद्योग सञ्चालन नहुँदा र बारम्बार उद्योग बन्द हुँदा उद्योग निरन्तर घाटामा गइरहेको छ । आर्थिक वर्ष २०७२/०७३ देखि लगातार तीन वर्षसम्म क्रमश: ३०, २२ र २३ करोड रुपैयाँ नाफा गरेको उद्योगले आर्थिक वर्ष २०७५/०७६ देखि २०७८/०७९ सम्म ६५ करोड ४७ लाख रुपैयाँ घाटा बेहोरेको छ । अघिल्लो आर्थिक वर्षमा मात्र उद्योगको नोक्सानी २३ करोड ५५ लाख रुपैयाँ रहेको छ । कर्मचारी धेरै हुनु, पुरानो प्रविधि र मेशिनको प्रयोग भइरहनु, बजारमा प्रतिस्पर्धा बढ्नु, मूल्य समायोजन गर्न नसक्नुजस्ता समस्याले उद्योग घाटामा गएको बताउने गरिएको छ । १९३ जना स्थायी कर्मचारी र एक सयभन्दा बढी दैनिक ज्यालादारीका कामदार/कर्मचारी रहेको उद्योगमा चरम राजनीतिक हस्तक्षेप हुने गरेका कारण उद्योगले थुप्रै समस्या बेहोर्दै आएको छ ।

कुनै समय गुणस्तरीय सिमेन्ट उत्पादनमा कहलिएको र उत्पादित सिमेन्ट खरिद र प्रयोग गर्न पालो कुरेर बस्नुपर्ने हेटौंडा सिमेन्ट उद्योग पछिल्लो समय धराशायी बनेको छ । अहिले उद्योगले उत्पादन गरेको सिमेन्ट बिक्री गर्नसमेत धौ-धौ पर्ने गरेको छ । उद्योग घाटामा जानुको मुख्य कारण कुशल र सक्षम व्यवस्थापनको अभाव एवम् राजनीतिक हस्तक्षेप नै हो । अर्कोतर्फ पुरानो प्रविधि र उपकरणले अहिलको प्रतिस्पर्धा सामना गर्न नसक्नुले पनि उद्योगमा समस्या भएको छ । ४ महिनासम्म उद्योगमा उत्पादन ठप्प भएका कारण चालु आर्थिक वर्षमा उद्योगको घाटा अझ बढ्ने निश्चित छ । उद्योग सञ्चालनमा ल्याउन मजदुर संगठनले समेत दबाब दिएपछि १५ दिनलाई पुग्ने कोइलाको व्यवस्था गरेर सिमेन्ट उत्पादन सुरु गरिए पनि १५ दिनपछि के हुने भन्ने अनिश्चितता कायमै छ ।

हेटौंडा सिमेन्ट उद्योगमा सरकारको पूर्ण लगानी रहेका कारण उद्योगलाई व्यवस्थितरुपमा सञ्चालन गर्ने जिम्मेवारी पनि सरकारकै हुन्छ । तर, सरकार र सम्बद्ध मन्त्रीले यस्ता उद्योगबाट राजनीतिक लाभ लिन खोज्ने परिपाटीले सरकारी लगानीका सबैजसो उद्योग धराशायी बन्ने गरेको छ । सञ्चालनमा आएको सिमेन्ट उद्योगमा बन्दको शृंखला दोहोरिन दिनुहुँदैन । तर, अहिलेकै अवस्था रहँदासम्म सिमेन्ट उद्योग निरन्तर सञ्चालन गर्न सहज पनि छैन । उद्योगको पुरानो प्रविधि र उपकरण परिवर्तन गरेर व्यवस्थापनलाई सरकारी/राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु आवश्यक छ । अनावश्यक कर्मचारी कटौती गरेर कर्मचारीलाई जवाफदेही बनाउने र सक्षम व्यक्तिलाई व्यवस्थापनको जिम्मा दिने हो भने सिमेन्ट उद्योग बन्दको शृंखला अन्त्य गर्नुका साथै नाफामा लैजान असम्भव पनि छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाटमा रमाइलो बढ्ने समय छ ।
**वृष** : शुभचिन्तकहरुले सहयोग पुऱ्याउने समय ।
**मिथुन** : थोरै परिश्रमले बढी आय हुने योग छ ।
**कर्कट** : पैतृक सम्पतिका विषयमा चर्चा बढ्ला ।
**सिंह** : सम्मान र प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**कन्या** : व्यापार–व्यवसायमा लगानी बढ्ने समय छ ।
**तुला** : परिवार र आफन्तसँग मनमुटाव भनाभनी चल्ला ।
**वृश्चिक** : मान–सम्मानमा वृद्धि भएर जाने योग छ ।
**धनु** : न्यायिक काममा विजय हाँसिल होला ।
**मकर** : बौद्धिक कार्यमा सरिक भइने समय योग छ ।
**कुम्भ** : राजनीतिक काममा आलोचित बनिएला ।
**मीन** : नोकरीमा मान– सम्मान प्राप्त योग रहला ।

# विद्यालय नर्सको भूमिका र महत्व



✍ सरु श्रेष्ठ

बालबालिकाको सुरुवाती वर्षहरुमा गरिने लगानीले बालबालिका, परिवार र समुदायले नै दीर्घकालपछि सकारात्मक लाभ प्राप्त गर्छ । जसरी कुनै एउटा विरुवा रोपेर आजको भोलि नै त्यसको फल खान पाइँदैन, त्यसका लागि केहि वर्ष कुर्नु पर्ने हुन्छ, त्यस्तै बालबालिकामा गरिने लगानीको प्रतिफल केही वर्षपछि मात्र देख्न सकिन्छ । त्यस्तै बालबालिकाको स्वास्थ्य र उनीहरु ठूलो भइसकेपछि दिन सक्ने उत्पादन, उनीहरुले जन्माउने सन्तानहरुको स्वास्थ्यसम्म गरिने दिर्घकालिन लगानी हो ।

मानिस एक चेतनशील, सामाजिक प्राणी हो । उसले आफु बाँच्नका लागि आफ्नो स्तरबाट हरेक प्रयास गर्दछ । तर उसलाई समाजमा रहेको चलन, र हनसहन, धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यता, आर्थिक स्थितिले प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा प्रभाव पारिरहेको हुन्छ । जसले गर्दा उनिहरु चाहेर पनि आफ्नो व्यवहार परिवर्तन गर्नुपर्छ भन्ने पनि थाहा हुँदैन । बालअधिकार भित्र स्वस्थ रहन पाउनु, स्वच्छ, खाना खान, पानी पिउन पाउनु, बालविवाह नगर्नु, बाल हिंसा तथा बालश्रमबाट मुक्त हुनु पनि बालअधिकार भित्र पर्दछ ।

स्वास्थ्य जस्तो संवेदनशील विषयमा सुधार ल्याउन सबै क्षेत्रको भूमिका रहेको हुन्छ । त्यसै राष्ट्रले गरेको विद्यालय नर्स कार्यक्रम एकदम तारिफयोग्य छ । व्यवहार परिवर्तनले कुनै पनि व्यक्तिको ज्ञान, अभ्यासमा परिवर्तन गरेर स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ । व्यवहार परिवर्तन ल्याउनमा विद्यालय नर्सको ठूलो भूमिका रहेको छ । विद्यालय नर्स भनेको यस्तो व्यक्ति हो जो विद्यालयको साना बालकहरुदेखि लिएर समुदायको अभिभावकसम्म जोडिएको हुन्छ । हरेक बालबालिकाको राम्रो स्वास्थ्य, सामाजिक तथा आर्थिक रुपमा उत्पादनशील र प्रवर्द्धनात्मक, प्रतिकारात्मक, प्राथमिक उपचार, परामर्श, प्रेषण सेवा, विशेष आवश्यकताको सेवा र समसामयिक विषयका स्वास्थ्य सेवा दिई व्यवहारमा परिवर्तन गरी स्वास्थ्यमा सुधार ल्याउनु विद्यालय नर्सको लक्ष्य रहेको छ । साथै सरकारद्वारा जनताका लागि गरेको विभिन्न खालको स्वास्थ्य सम्बन्धी कार्यक्रम राम्रोसँग सञ्चालन भए नभएको र विद्यालयस्तरमा भएको कार्यक्रमहरुलाई उचित तरिकाले गर्नु र त्यसको प्रतिफलको रेखदेख गर्ने, उचित ढङ्गले चलाउनमा पनि विद्यालय नर्सको ठूलो हात रहेको हुन्छ ।

बालबालिकाको पोषण चुनौतिको रुपमा रहेको छ । बालबालिकाको मृत्यु र बिरामी हुनुको कारण कुपोषण प्रमुख र हेको छ । किशोर-किशोरीको स्वास्थ्यमा सुधार र पोषण सम्बन्धी समस्याको समाधान र रोकथामका लागि सरकारले दिवा खाजा, आइरन, फोलिक एसिड, चक्की विवरण, जुकाको औषधी विवरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यस्ता कार्यक्रमहरुलाई राम्रोसँग विद्यालय नर्सको भूमिका रहेको छ । दिवा खाजा पनि एउटा तहबाट कुपोषणमा रोक लगाउनका लागि राखिएको कार्यक्रम हो । कतिपय बच्चाहरु आर्थिक अवस्थाका कारण भोकै स्कुल आउन बाध्य छन् । धेरै टाढा नगई चितवनको कृष्णनगर माविमा हेर्ने हो भने पनि यस्ता कति विद्यार्थी छन् जो एक घण्टा भोको पेट हिँडेर पढ्न आउने गर्छन् । एक घण्टा खोला छेउ हिँडेर आएर पढ्ने भोक स्कूल आएर मेट्दछन् तर पेटको भोक कसरी मेट्ने ? दिवा खाजा पनि कक्षा पाँच सम्मको रहेको छ । आर्थिक स्थिति हेरी छानविन गरी कक्षा पाँच भन्दा माथिको त्यस्तो वर्गका विद्यार्थीलाई पनि खाजाको पहल गर्न आवश्यक छ । खाजाको कार्यक्रम मात्र बनाएर पनि भएन के खाजा खुवाइन्छ, खाजा बनाउँदा सरसफाइको ध्यान, वितरण गर्ने तरिका, वितरण गरि सकेपछिको सरसफाई सबै कुरा ध्यानमा राख्न जरुरी छ र साथै के खाजा खुवाउने भन्ने कुरा पनि महत्वपूर्ण रहेको छ ।

म यस कृष्णनगर स्कुलमा विद्यालय नर्स भएर आउँदा खाजा बनाउँदा र बनाउने ठाउँमा हुनुपर्ने जति सरसफाई नभएको र खाजा बाँड्ने र खाने ठाउँ पनि व्यवस्थित नगरेको र चाउचाउ पनि खुवाउने गरेको पाइयो । त्यस पश्चात मैले खाजा बनाउने ठाउँ कसरी सफा राख्ने, कसरी सफा गरी पखाल्ने, सफा गरी पकाउने र बाँड्ने भन्ने जानकारी गराएँ र मद्दत गरेँ । साथै विद्यालयका प्रधानाध्यापक, शिक्षक र दिवा खाजा समितिको शिक्षकहरुसँग सल्लाह लिई उनीहरु बसेर खान एउटा कोठामा बेञ्चहरु मिलाएर राखेँ । विहान खाना नखाई आउने र भोकको कारण कतिबेला खाजा खाम भन्ने कारणले विद्यार्थीहरु हात नधोई खाजा खाने गर्दथे । विद्यार्थीलाई हात धुन सिकाएर निगरानी राखी सधैं पहिला हात धुन लैजाने र खाजा खाने ठाउँमा लैजाने गरी केही दिनको प्रयासपछि अहिले हात धोएर मात्र खाजा खान जान्छन् र भान्छा पनि कहिले काहिँ पाक्ने चाउचाउ पनि पाक्न रोकिएको छ । हात धुनु पर्ने, खाना बनाउँदा सरसफाईमा ध्यान दिनुपर्ने आदि कुराहरु बच्चाहरुले आफ्नो घरमा पनि सरसफाइमा ध्यानदिनु पर्ने कुराहरु बच्चाहरुले आफ्नो घरमा नि गएर अभिभावकलाई सिकाएको पाइएको छ । यसका साथै व्यक्तिगत सरसफाईमा पनि केही सुधार आएको छ ।

यसका साथ-साथै लागुपदार्थ दुर्व्यसन, महिनावारी स्वच्छता, पोषण, राम्रो छुवाई, नराम्रो छुवाई, साथै बाल हेल्पलाइनहरुको बारेमा जानकारी दिई बालविवाह र शिक्षकहरुमा पनि केहि जागरुकता देखिएको छ । यसैगरी किशोरावस्थामा हुने रक्तअल्पताको समस्या पनि रहेको छ । किशोरावस्थामा हुने रक्तअल्पताले गर्दा उनिहरुले जन्माउने बच्चा पनि कुपोषित हुने र यसको क्रम चलिरहने हुन्छ । कुपोषण नियन्त्रणका लागि सरकारले गरेको कार्यक्रमहरु सञ्चालनमा विद्यालय नर्सको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याइरहेको छ । पोषण अवस्थामा सुधार ल्याउन खानाको उपलब्धता र पहुँचमा भर पर्ने भए तापनि पोसिलो खाना खाने सम्बन्धी व्यवहार र ज्ञानले अझ बढी महत्व राख्दछ । पोषणसम्बन्धी जानकारी आइरन चक्की तथा जुकाको औषधि वितरण गर्ने, सरसफाईमा ध्यान पुऱ्याउनाले रक्तअल्पता साथै अन्य थुप्रै स्वास्थ्य समस्यामा न्युनीकरण गर्न सकिन्छ । गर्भावस्थामा बच्चाहरुको ८० प्रतिशत मस्तिष्कको विकास हुने र किशोरावस्थाबाट नै रोगी भए उसले राष्ट्रलाई उत्पादन दिन नसक्ने र साथै मावि तहमा बच्चाहरुबाट पनि उत्पादनमा ह्रास आउने भएर राष्ट्रले स्वस्थ जनशक्ति प्राप्त गर्न सक्दैन ।

विद्यालय नर्सले पत्रु खानालाई निरुत्साहित गर्ने, पोषण सम्बन्धी शिक्षा दिने, जुकाको औषधी वितरण गर्ने, दिवा खाजाको गुणस्तर कायम गर्ने, सर्ने-नसर्ने रोगबारे जानकारी दिने पोषण अवस्था मापन गर्ने, बच्चाको बृद्धि विकास मुल्याङ्कनात्मक गर्ने, प्रवर्द्धनात्मक, उपचारात्मक, प्रेषण जस्ता कार्य गरी स्वास्थ्यमा सुधार ल्याउने हुनाले विद्यालय नर्सको महत्व रहेको छ ।

*(विद्यालय नर्स, कृष्णपुर मावि माडी, चितवन, बागमति प्रदेश)*

# ‘कुहिएर जान्थ्यो स्याउ, कर्णाली राजमार्ग वरदान भयो’

✍ कृष्णमाया उपाध्याय

‘कर्णाली राजमार्ग नबन्दासम्म स्याउ कुहिएर फाल्नु वा गाईवस्तुलाई खुवाउनुपर्थ्यो । बगैंचामा राम्रो फले पनि खुसी लाग्दैनथ्यो । तर, एक लेनकै भए पनि कर्णाली राजमार्ग जुम्लाका स्याउ किसानका लागि वरदान सावित भएको छ ।’

जुम्लाको चन्दननाथ नगरपालिका वडा नम्बर ७ का ५७ वर्षीय भुवन खत्री व्यावसायिक स्याउ खेतीमा लागेका पुराना किसान हुन् । उनले भारतको जम्मु-काश्मिरबाट स्याउका बिरुवा ल्याएर जुम्लामा यसको खेती थालेका थिए ।

तत्कालीन महत गाविसका किसान पदमबहादुर महतको बगैंचामा परीक्षण गर्दा स्याउको उत्पादन राम्रो भएपछि स्याउ खेती गर्न थालिएको खत्री बताउँछन् । ४ हजार बिरुवा अझै पनि त्यो बगैंचामा रहेको र अहिले उनका छोराहरुले अंश-बन्डा गर्दा बाँडिएर कम भएको उनको भनाइ छ ।

त्यो पहिला जुम्लाको सबैभन्दा ठूलो स्याउ बगैंचा मानिएको खत्रीले बताए । जुम्लामा स्याउ खेती गर्ने पहिलो किसानको रूपमा चिनिँदै आएका पदमबहादुर महतको निधनपछि अहिले त्यो बगैंचा जीर्ण बन्दै गएको छ ।

खत्रीले भने, ‘मैले त्यो बगैंचामा ४ वर्ष जति काम गरेर त्यहाँ सिकेको सीप व्यवहारमा उतार्न आफैंले २०४२ सालबाट स्याउको व्यावसायिक खेती सुरु गरेको हुँ ।’ आफू भलिबल खेलको पूर्व राष्ट्रिय खेलाडी भए पनि खेलबाट मात्रै जीवन धान्न गाह्रो भएपछि स्याउ खेतीलाई व्यावसायिक



बनाएर जीवन बिताउने उद्देश्यले खेतीको सुरुवात गरेको उनी बताउँछन् ।

उनी भन्छन्, ‘समाजले मलाई खेल क्षेत्रमा कर्णालीको छाता भनेर चिन्ने भए पनि सधैं प्रतियोगिता नहुने भएकाले परिवारको आवश्यकता पूरा गर्न नसकेपछि स्याउ व्यवसाय रोज्न बाध्य भएको थिएँ ।’ सुरु-सुरुमा आफूलाई व्यावसायिक क्षेत्र छाडेर कृषि क्षेत्रमा लागेको भन्ने जस्तो भए पनि अहिले आफूखुसी रहेको उनी बताउँछन् ।

‘खेल क्षेत्रमा २० वर्ष बिताएर पनि राम्रो जागिर खान सकिएन त्यही भएर कृषि व्यवसाय रोजें’ उनले भने, ‘खेलकुद क्षेत्रमा प्रशिक्षकसम्मको जिम्मेवारी पाएको भए पनि म यो क्षेत्रमा हुन्नथें होला । फेरि प्रतियोगितामा सहभागी भएर पदक जिते पनि परिवारका आवश्यकता पूरा गर्न नसकिने देखेर मैले कृषि व्यवसाय रोजें ।’

जुम्लाको स्याउले बजार पाउनुमा कर्णाली राजमार्गको योगदान रहेको बताउने खत्री अब त्यो बाटो फराकिलो र गुणस्तरीय बन्नुपर्ने बताउँछन् । उनी भन्छन्, ‘पहिला जुम्लामा सडक पुगेको थिएन, त्यसैले स्याउको बजार राम्रो थिएन । अहिले कर्णाली राजमार्ग यसका लागि वरदान भएको छ ।’

उनका भनाइमा कर्णाली राजमार्ग नबन्दासम्म आफ्नो बगैंचामा स्याउ फले पनि खासै खुशी लाग्दैनथ्यो । कतिपय पहुँच हुने मानिसले जहाजमा हालेर नेपालगञ्ज, सुर्खेत, काठमाडौंसम्म पुऱ्याउँथे । त्यतिबेला जुम्लाको स्याउ भन्ने मात्रै हुन्थ्यो, त्यसको बजार मूल्य नै थिएन । उनले भने, ‘स्याउ कुहिएर फाल्नुपर्थ्यो, गाईवस्तुलाई खुवाउनुपर्थ्यो । तर, अहिले कर्णाली राजमार्ग पुग्यो, जुम्लाको स्याउले बजार पाउन थाल्यो । अझै रोड राम्रो छैन, डबल लेनको बाटो भए, यहाँका किसानले नेपालका विभिन्न बजारमा पुऱ्याउने थिए ।’

तर पनि पहिला भन्दा अहिले किसानले स्याउबाट राम्रो आम्दानी गरिरहेको उनी बताउँछन् । खत्री कृषि विकास कार्यालय मार्फत नमूना स्याउ खेतीको अवलोकन भ्रमण गर्न भारतको कुल्लु मनाली, जम्मु-काश्मिर, हिमाञ्चलको सिमला, किनोर भन्ने ठाउँमा पुगेका छन् । उनी भन्छन्, ‘त्यहाँको हेरेर त हामीले केही गर्न सकेका छैनौं । तर अझै राम्रो गर्न सकिने ठाउँ छ ।’

उनका भनाइमा, त्यहाँको सरकारले गरेको जस्तो लगानी यहाँ गर्न सके हामी सजिलै भारतको स्याउसँग प्रतिस्पर्धा गर्न सक्छौं भन्ने उनलाई लागेको छ । अध्ययन भ्रमणमा मनाङ जिल्लाका एग्रो फार्ममा पुगेका उनले अहिले ८०० बिरुवाको स्याउ फार्म बनाएका छन् । विकसित जातको नभएर २०२४ सालमा जुम्लामा लगाउन सुरु गरिएको स्थानीय रोयल, रेड, गोल्डेन र जनाथन जातको खेती गर्दै आएका खत्रीले यस वर्ष मात्रै स्याउ खेतीबाट ६ लाख रुपैयाँ आम्दानी गरेका छन् ।

स्याउको बगैंचा अहिले बुढेसकालको सहारा बन्न पुगेको छ । उनी भन्छन्, ‘छोराछोरी हुर्काएपछि छाडेर जान्छन् तर स्याउको बिरुवा हुर्काएपछि यहीं प्रतिफल दिइरहन्छ, त्यसैमा गर्व लाग्छ ।’

पहिला जस्तो बजार र मूल्यको चिन्ता कम हुन थालेपछि खत्री उत्साहित छन् । ‘अहिले जुम्लाको स्याउ बगैंचामा पुगेर स्याउ व्यापारीले मोलतोल गर्न थालेपछि म मात्रै होइन जो-कोही पनि अन्यत्र काम खोज्न जान छाडेका छन् ।

....बाँकी पृष्ठ ३ मा

# सात जिल्लामा ७ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा बागमती प्रदेशमा एकै दिन ७ जनाको मृत्यु भएको छ। प्रदेशको रसुवा, धादिङ, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, चितवन र मकवानपुर जिल्लामा एकै दिन ७ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मकवानपुर जिल्लाको कैलाश गाउँपालिकामा भिरबाट लडेर एकजनाको मृत्यु भएको छ। आइतबार राति कैलाश-७, चाइरडाँडाबाट करिब दुईसय मिटर तल खस्दा ५० वर्षीय आइतराम चेपाङको मृत्यु भएको प्रहरीले जनाएको छ। कैलाश-७, टुँडुका चेपाङको कैलाश-३, कालिकाटार बजारबाट घरतर्फ फर्कने क्रममा गोरेटो बाटोबाट तल भिरमा लडेर मृत्यु भएको प्रहरीले जनाएको छ।

रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिका-३, खर्पुडाँडामा एक जना पुरुष मृत फेला परेका छन्। सोमबार दिउँसो २ बजेर ५ मिनेटको समयमा सनाखत नभएको मागी खाई हिँड्ने तराई मूलको जस्तो देखिने अन्दाजी ४१ वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

धादिङ जिल्लाको निलकण्ठ नगर पालिका-११, पाल्पेपाखामा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ५७ वर्षीय ज्ञानबहादुर गुरुङ रहेको प्रहरीले जनाएको छ। गुरुङ सोमबार बिहान १० बजेको समयमा टोड्के बजारबाट ज्यामुङ जाने गोरेटो बाटोबाट एकसय मिटर तल लडेर मृत अवस्थामा फेला परेका थिए। मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको चौरीदेउराली गाउँपालिका-३ मा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा सप्तरी जिल्ला घर भई हाल माथिल्लो चौरीखोला हाइड्रोपावरमा काम गर्ने १९ वर्षीय शंकर सदा रहेको प्रहरीले जानकारी दिएको छ। शंकर सोमबार दिउँसो ४ बजेर १५ मिनेटको समयमा हाइड्रोपावरको काम गर्ने क्रममा बेहोस भएका थिए। उनलाई उपचारका लागि डब्लुबीसी शाखा अस्पताल लैजादै गर्दा बाटोमा नै मृत्यु भएको थियो। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि धुलिखेल अस्पताल लगिएको छ।

यस्तै, रामेछाप जिल्लाको लिखुतामाकोशी गाउँपालिका-३, चित्रेमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ४५ वर्षीय काले तामाङ रहेको प्रहरी जानकारी दिएको छ। तामाङ आइतबार आफ्नै घरबाट छिमेकीको घेवामा जान्छु भनि हिँडेकोमा घर फर्की नआएकाले खोजतलास गर्दै जाँदा सोमबार घरदेखि ५० मिटर माथि रोडमा मृत अवस्थामा फेला परेका थिए। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-९, बथानचौडीमा एक जना वृद्ध मृत फेला परेका छन्। मृत फेला पर्नेमा अमाहा बस्ने ७८ वर्षीय जीतबहादुर मगर रहेको प्रहरीले जानकारी दिएको छ। मगर माघ ६ गतेदेखि हराइरहेकोमा सोमबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा सामुदायिक बनभित्र रहेको खोल्सामा मृत अवस्थामा फेला परेका थिए। मगरको शव सडी गलिसकेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

चितवन जिल्लाको राप्ती नगर पालिका-१३, पान्डुडचुलीमा आगोले पोल्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा क्यामराङ बस्ने ४२ वर्षीया ज्ञानुमाया प्रजा रहेको प्रहरीले जानकारी दिएको छ। प्रजा सोमबार दिउँसो २ बजेर ३० मिनेटको समयमा पाखो जंगलमा खर काट्ने क्रममा जंगलमा लागेको आगोले जल्दा गम्भीर घाइते भएकी थिइन्। घाइते प्रजालाई उपचारको लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा मंगलबार बिहान ४ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ।

# प्लास्टिक व्यवस्थापन कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडाः थाहा नगरपालिकाको पालुङमा प्लास्टिक व्यवस्थापन कार्यक्रम सम्पन्न भएको छ। आईएसएसए हेटौंडाको आयोजनामा भएको ३ दिने 'प्लास्टिक फ्री पालुङ' कार्यक्रम बुधबार सम्पन्न भएको आईएसएसए हेटौंडा संस्थाकी सहसचिव सिर्जना सुवेदीले जानकारी दिनुभयो।

कार्यक्रममा संस्थाले दामन-३ स्थित जनकल्याण माध्यमिक विद्यालयमा वातावरण तथा प्लास्टिक व्यवस्थापन विषयमा प्रस्तुतिकरण गरेको हो। कार्यक्रममा जनकल्याण मावि व्यवस्थापन समिति अध्यक्ष राजीवकुमार स्याङतानको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा संस्थाले '३-आर' (रिड्युस, रिसाइकल र रियुज)को विषयमा प्रदर्शनीसमेत गरेको सुवेदीले बताउनुभयो।

पालुङलाई प्लास्टिकमुक्त बनाउने र वातावरण स्वस्थ राख्ने उद्देश्यले कार्यक्रम सोमबारबाट सञ्चालनमा आएको हो। कार्यक्रमको पहिलो दिन संस्थाले पालुङको शिखरकोटमा रहेको हिमालयन बोर्डिङ स्कूलमा प्लास्टिक व्यवस्थापनसम्बन्धी अन्तरक्रिया तथा सचेतना कार्यक्रम गरेको थियो। दोस्रो दिन पालुङ बजारमा फोहोर व्यवस्थापन कार्यक्रम गरेको थियो।

सहसचिव सुवेदीका अनुसार नगरपालिकाका बासिन्दाहरुले २० वटा प्लास्टिकको बोतल व्यवस्थापन गर्ने वा संस्थालाई दिनेलाई संस्थाले एउटा बिरुवा वितरण गरेको थियो। आईएसएसए हेटौंडाको ११ जनाको टोलीले पालुङमा स्वच्छतामूलक कार्यक्रम सम्पन्न गरेको हो। संस्थाले पहिलेदेखि विभिन्न स्थानमा वृक्षरोपन, डस्टबिन वितरणलगायत कार्यक्रम गर्दै आइरहेको छ।

## होटल बासुकलाको ३० औं वार्षिकोत्सव

# सेवाग्राहीलाई छुट, कर्मचारीलाई सम्मान




समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, पारिजातपथस्थित होटल बासुकलाले आफ्नो ३० औं वार्षिकोत्सव मनाएको छ। वार्षिकोत्सवको अवसरमा बुधबार एक दिनका लागि १५ प्रतिशत छुट समेत दिइएको छ। पछिल्लो समय बजारमा मन्दीका कारण व्यापार-व्यवसाय प्रभावित भए पनि होटल बासुकलाले भने आफ्ना सेवाग्राही नियमित र पर्याप्त प्राप्त गरिरहेको सञ्चालक विकास बासुकला बताउनुहुन्छ।

बुबा पुस्ताले सुरु गरेको होटल व्यवसायलाई ५ वर्षअघि विकासले सम्हाल्न सुरु गर्नुभएको थियो। सहुलियत दर, स्वादिष्ट परिकार, सत्कारसहित अर्डर अनुसार डेलिभरीको समेत व्यवस्था गर्दै बासुकलाले गत वर्ष वार्षिकोत्सवकै अवसरमा नयाँ स्वरुपमा होटललाई स्थापित गरेको थियो। नयाँ स्वरुपमा आकर्षक बसाईको व्यवस्था समेत भएपछि सहुलियत दरको खाजा तथा खानाको लागि सेवाग्राहीको सन्तोषजनक उपस्थिति रहेको विकास बताउनुहुन्छ।

परिवारका ४ जना होटलकै काममा व्यस्त रहँदै ११ जनालाई रोजगारी समेत दिएको छ। कर्मचारीलाई प्रोत्साहित गर्न हरेक महिना उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान गर्ने गरेको र वर्ष उत्कृष्ट कर्मचारीलाई नगद २० हजार रुपैयाँसहित पुरस्कृत गर्न लागेको विकास बताउनुहुन्छ।

# बत्ती र फोहोर व्यवस्थापनको विषय उठाउँदै विद्यार्थी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-५ स्थित सिद्धार्थ शिशु सदन विद्यालयका विद्यार्थीहरुले विभिन्न पक्षमा वडा अध्यक्षसँग प्रश्न उठाएका छन्। बुधबार भएको कार्यक्रममा विद्यार्थीहरुले विभिन्न पक्षहरुमा वडा अध्यक्ष तथा वडा सदस्य सामु आफ्ना प्रश्न राखेका हुन्।

कार्यक्रममा बालबालिकाले कुनै स्थानमा बत्ती नभएका कारण राति सडकमा हिँड्न समस्या हुने बताउँदै फोहोर व्यवस्थापन नभएको कारण असहज हुने बताए। यस्तै, विद्यालयमा महिला हिंसा, बाल अधिकार, बालबालिका समूह, किशोर-किशोरीको बैठक तथा संसदलगायतका विषयहरुमा छलफल भएको छ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-५ का वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्य रहेको थियो। विद्यालयको आयोजनामा भएको कार्यक्रममा वडा सदस्य रजिता सिलवाल, भगवती विक र ज्ञानबहादुर थापाको आतिथ्य रहेको थियो।

कार्यक्रममा १५-२० जना विद्यार्थीद्वारा वडाध्यक्ष तथा सदस्यहरुलाई प्रश्न सोधिएको हो। विद्यालयले पाठ्यक्रममा भएको प्रजातान्त्रिक अभ्यास गर्न र वडाको लक्ष्यमा सहजीकरण गर्न कार्यक्रमको आयोजना गरेको हो। बालबालिकाले बालविवाहसम्बन्धी प्रश्न उठाउँदा वडा अध्यक्ष घिमिरेले वडाअन्तर्गत् तीनवटा विवाह रद्द गरिएको बताउनुभयो। आफ्नो वडाले शिक्षा र स्वास्थ्यमा जोड दिने गरेको वडा सदस्य सिलवालले बताउनुभयो।

विद्यार्थीहरुले वडाको बाल समूहको विषयमा कुरा उठाउँदा वडाले टोलमा १६ वटा र विद्यालयहरुमा ९ वटा समूह गठन गरेको सिलवालले बताउनुभयो। आर्थिक अभाव भएका विद्यार्थीहरुको शिक्षामा निरन्तरताका लागि वडाले ५ लाख रुपैयाँ र वडा सञ्जालले विद्यार्थीको अतिरिक्त क्रियाकलापका लागि ३ लाख रुपैयाँ छुट्याएको बताइएको छ।

कार्यक्रममा सिलवालले महिलाहरुको लागि आयआर्जन, हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम गरिरहेको बताउनुभयो। हेटौंडा-५ ले दिगो हुने गरी कार्यक्रम गरिरहेको उहाँको भनाइ छ। कार्यक्रममा ६ कक्षादेखि १० कक्षासम्मका बालबालिकाको सहभागिता रहेको थियो।

## कुहिएर जान्थ्यो...

यसको आनन्द नै बेग्लै छ', खत्रीले भने

सरकारले एक घर एक स्याउ बगैंचा अभियान ल्याएपछि जुम्लामा एक नगरपालिका र सातवटै गाउँपालिकाका प्रत्येक बस्तीमा अहिले स्याउ फल्न थालेको छ। यो अभियानले किसानको घरमा न्यूनतम ५० विरुवादेखि लिएर अधिकतम ३३ हजार विरुवासम्मका बगैंचा छन्।

प्रधानमन्त्री आधुनिकीकरण स्याउ सुपरजोन जुम्लाका प्रमुख खेमराज शाही भन्छन्, 'पछिल्लो समय युवाहरुको आकर्षण विकसित फुजी जातका स्याउमा देखिँदैछ।' उनका भनाइमा यो अवस्था आउनमा झण्डै पाँच दशकसम्म जुम्लाले स्याउ खेतीमा गरेको लगानी बिर्सनुहुँदैन।

उनी भन्छन्, 'जुम्लामा फलफूल अनुसन्धानको लागि २०२७ सालमा बागवानी अनुसन्धान केन्द्र राजिकोट स्थापना भएपछि यहाँ नयाँ-नयाँ जातका स्याउको सिफारिस हुन थालेको थियो। पूर्वाधार लगायत कारण अहिले स्याउ खेतीमा किसानको आकर्षण बढ्दै गएको हो।'

(स्रोतः अनलाईनखबर)

# नागस्वतीमा वनदेवी मन्दिरको उद्घाटन हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-७, नागस्वतीमा निर्मित वनदेवी मन्दिरको उद्घाटन हुने भएको छ। बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै वनदेवी तथा राधाकृष्ण मन्दिर संरक्षण समितिले मन्दिरको उद्घाटन आगामी शनिबार हुने जानकारी गराएको हो।

मन्दिरको उद्घाटन वीरगञ्जका व्यवसायी एवम् समाजसेवी मुरलीधर रुङ्टाबाट हुने मन्दिर संरक्षण समितिले जनाएको छ। हेटौंडा-७, मिलनचोक निवासी दलबहादुर खड्काको डेढ करोड व्यक्तिगत सहयोगमा वनदेवी मन्दिरको निर्माण भएको हो। आफ्नो इच्छाले मन्दिर निर्माणका लागि जग्गा नै बेचेर मन्दिर निर्माण गरेको उहाँले बताउनुभयो।

मन्दिर निर्माणमा आफूले सहयोग गरेको बताउँदै खड्काले मन्दिर निर्माणमा अझै सहयोग गर्नेसमेत बताउनुभयो। २०११ सालबाट सामान्य पूजाआजा गरी सुरु भएको उक्त स्थानमा अहिले राधाकृष्ण, वनदेवीको मन्दिर निर्माण भएको छ। २ विगाहा १३ कट्ठा जग्गामा मन्दिर निर्माणका लागि २०७० सालमा विधान दर्ता भएको थियो। यही माघ १६ गते मन्दिरमा देवीको मूर्ति प्रतिस्थापन भइसकेको छ।

देवीको मन्दिर उद्घाटनका दिन इन्द्रेणी सांस्कृतिक विकास केन्द्र पनि हेटौंडा आउने भएको छ। इन्द्रेणी समूहले विभिन्न कार्यक्रम गर्नेछ। मन्दिर संरक्षण समितिले मन्दिर निर्माण सम्पन्न गर्न आर्थिक संकलन, अक्षयकोष स्थापनाको लागि इन्द्रेणी केन्द्रलाई ल्याउन लागेको जनाएको छ। यस कार्यक्रमबाट समितिले कम्तीमा २५ लाख रुपैयाँ अक्षयकोषमा राख्ने लक्ष्य राखेको छ।

# चलचित्र 'गोर्खा वारियर' फागुन ११ देखि प्रदर्शन हुँदै

समाज संवाददाता

हेटौंडाः नेपाली कथानक चलचित्र 'गोर्खा वारियर' आगामी फागुन ११ देखि प्रदर्शन हुने भएको छ। बुधबार हेटौंडामा पत्रकार भेटघाट गर्दै चलचित्र निर्माता टोलीले चलचित्र प्रदर्शनबारे जानकारी गराएको हो।

चलचित्र निर्देशक मिलन चाम्सका अनुसार फिल्ममा मौलिकता जोडेर ७० वर्षअघिको वीर गोर्खालीको कथा समेटेर चलचित्र निर्माण भएको छ। उहाँले 'गोर्खा वारियर' चलचित्रमात्र नभएर इतिहास भएको बताउनुभयो। नेपालीलाई विश्वमा चिन्ने आधार सगरमाथा र वीर योद्धा नै रहेको उहाँको भनाइ छ।

वीर पुर्खा गोर्खाली सेनाको कथा, विदेशिने युवा र नेपालीको बहादुरीको कथा जोडेर मिहिनेतका साथ चलचित्र निर्माण गरेको उहाँले बताउनुभयो। उहाँले नयाँ कलाकारलाई सम्मान र अवसर दिँदै आफूले यो चलचित्रमा नयाँ नायक र नायिकालाई अभिनयमा जोडेको बताउनुभयो। उहाँले यो चलचित्र नेपालीहरुको इतिहास भएकाले एक पटक सबैले हेरिदिन आग्रह गर्नुभयो।

चाम्सले निर्देशन गर्नुभएको चलचित्र 'गोर्खा वारियर' बेलायतको बाफ्टा अवार्डमा समेत छनोट भइसकेको छ। चाम्सले निर्देशन गर्नुभएका लिलिबिलिलगायतका चलचित्र प्रख्यात छन्।

चलचित्र पत्रकार संघ मकवानपुरका अध्यक्ष कपिल खड्को सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा चलचित्रका नायक रितेन चाम्स र नायिका रेविका गुरुङको उपस्थिति रहेको थियो।

# बालबोध माविको ७३औं वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियास्थित बालबोध माविको ७३ औं वार्षिकोत्सव कार्यक्रम भएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा मंगलबार वार्षिकोत्सव समारोह भएको हो।


वार्षिकोत्सवको अवसरमा विद्यालयले विद्यार्थी, शिक्षक, सहयोगीलाई सम्मान समेत गरेको छ। वार्षिकोत्सवको अवसरमा विद्यालयमा अक्षयकोष स्थापनाका लागि हेटौंडा-१६, हटिया निवासी बसन्त रोक्काले एक लाख रुपैयाँ सहयोग गर्नुभएको छ। यस्तै हेटौंडा-७ निवासी राजु अधिकारीले पनि अक्षयकोषका लागि २० हजार रुपैयाँ सहयोग गर्नुभएको छ। वार्षिकोत्सव समारोहमा विद्यार्थीले गायन, नृत्य कला प्रस्तुत गरेका थिए।

कार्यक्रममा वडाध्यक्ष उद्धव सत्यालको पनि आतिथ्य रहेको थियो। १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा पाँच सय दुइ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठले जानकारी दिनुभएको छ।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

हेटौंडा-११, नवलपुर निवासी पराक्रम श्रेष्ठको काठमाडौंस्थित ग्लोबल कलेजबाट कक्षा १२ उत्तीर्ण गरेर प्राप्त भएको माइग्रेसन सर्टिफिकेट (सिम्बोल नम्बर २७६०८५८९) मिति २०८० साल माघ २ गते मंगलबार बिहान ११ बजजेको समयमा हेटौंडा-११, नवलपुरबाट हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पससम्म जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ।

सम्पर्कः ९८५५०६७३९५




सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भित्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# विद्यालयस्तरीय क्रिकेट प्रतियोगितामा ३ खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा हेटौंडामा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत् बुधबार ३ खेल सम्पन्न भएको छ। मंगलबारबाट हेटौंडा-४, हुप्रचौरमा सुरु भएको प्रतियोगिताको दोस्रो दिन बुधबार ३ वटा खेल सम्पन्न भएको हो ।

पहिलो खेलमा हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय विजयी भएको छ। भूटनदेवीले हेटौंडा एकेडेमीलाई ८ विकेटले पराजित गरेको हो । टस जितेर पहिले ब्याटिङ गरेको एकेडेमीले निर्धारित १५ ओभरमा ९ विकेट गुमाएर ५१ रन जोड्न सफल भएको थियो ।

हेटौंडा एकेडेमीका क्रिस ठकुरीले सर्वाधिक १९ रन बनाएका थिए। आदित्य यादवले ६ रन र चन्दन गिरीले ५ रन जोडेका हुन्। भूटनदेवीको तर्फबाट एमडी अलीले ३ विकेट लिएका थिए । नसिम शेख, ऋतिक यादवले र नरेन्द्र यादवले समान २-२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको भूटनदेवीले ९ ओभरमा २ विकेटमात्र गुमाएर ५४ रन जोड्न सफल भएको थियो । भूटनदेवीका नरेन्द्र अधिकारीले सर्वाधिक २६ रन जोडेका थिए । नसिम शेख र शशिकान्त यादवले समान ६-६ रन जोडेका थिए । हेटौंडा एकेडेमीका आदित्य यादव र एमडीले १-१ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच नरेन्द्र अधिकारी घोषित भएका छन् ।

बुधबार भएको दोस्रो खेलमा हेटौंडा-५ स्थित जीएस निकेतन ५ विकेटले विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको कमाने एकेडेमीले १५ ओभरमा ५ विकेट गुमाएर ८६ रन बनाएको थियो । कमानेको तर्फबाट जोयर गुरुङले सर्वाधिक ३० रन जोडेका थिए। नेहाल देवानले १३ रन र सृजन थापाले ११ रन जोडेका थिए। जीएस निकेतनबाट प्रियान्सु यादव र अनि यादवले १-१ विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको जीएस निकेतनले १३ ओभरमा ३ विकेट गुमाएर कमाने एकेडेमीले दिएको लक्ष्यलाई भेट्टायो । जीएसको तर्फबाट प्रियान्सु यादवले सर्वाधिक ४७ रन बनाएका थिए। युवराज यादवले ८ रन र समीर यादवले ४ रन जोडेका हुन्। कमाने एकेडेमीबाट सुमन श्रेष्ठ र उत्सव सापकोटाले समान १-१ विकेट लिएका हुन् । खेलको म्यान अफ द म्याच जीएस निकेतनबाट प्रियान्सु यादव घोषित भएका छन् ।

यस्तै, बुधबारै भएको तेस्रो खेलमा हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन ७ विकेटले विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको हेटौंडा-२ स्थित बालजागृति बोर्डिङले सबै विकेट गुमाएर ८० रन बनाएको थियो। बालजागृतिबाट प्रज्ञान सुवेदीले सर्वाधिक २९ रन बनाउन सफल भएका थिए। सुरज साहले १० रन र अभिषेक पटेलले ८ रन बनाएका थिए। सिद्धार्थ शिशु सदनबाट नयन स्याङ्बोले सर्वाधिक ४ विकेट लिएका थिए। सुलभ झाले ३ र अनुराग पटेलले २ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको सिद्धार्थ शिशु सदनले ११ ओभरमा ३ विकेट गुमाएर बालजागृतिले दिएको लक्ष्य भेट्टायो । सिद्धार्थबाट शिवम यादवले ३२ रन बनाएका थिए भने आदित्य यादवले २८ रन बनाएका थिए। बालजागृतिबाट प्रसिद्ध तिमल्सिना, प्रनव वरसला र समीर घिमिरेले समान १-१ विकेट लिएका थिए। खेलको म्यान अफ द म्याद सिद्धार्थका नयन स्याङ्बो घोषित भएका छन् ।

लिग कम नआउटको आधारमा सञ्चालन भएको प्रतियोगिको फाइनल खेल फागुन ५ गते हुनेछ। प्रतियोगितामा समूह चरणको खेल १५ ओभरको हुनेछ भने सेमिफाइनल र फाइनल खेल २० ओभरको हुनेछ । बिहीबार पहिलो खेल हेटौंडा एकेडेमी र जीएस निकेतनबीच हुनेछ । दोस्रो खेल कमाने एकेडेमी र तुलसी मेहर बोर्डिङबीच हुनेछ । तेस्रो खेल सोलिड्यारिटी बोर्डिङ र ज्ञानोदय बालबाटिका एकेडेमीबीच हुनेछ ।

प्रतियोगितामा करिब ६ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका वेष्ट बलर र वेष्ट व्याट्सम्यानले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा १३ वटा विद्यालयको टिम सहभागी छ ।

# अस्पताललाई पुस्तक र पुस्तक राख्ने झोला



*हेटौँडा अस्पतालको बालबालिका वार्डकी नर्सलाई पुस्तकसहितको पुस्तक राख्ने झोला हस्तान्तरण गर्नुहुँदै लक्ष्मी श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडाः हेटौँडा-६, चौघडास्थित प्रज्वल शिक्षा सदनको वार्षिकोत्सवको अवसरमा हेटौंडा अस्पताललाई पुस्तक र पुस्तक राख्ने झोला हस्तान्तरण गरिएको छ । बुधबार अन्तर्राष्ट्रिय सस्वर वाचन दिवसको अवसर समेत पारेर विद्यालयकी सञ्चालक लक्ष्मी श्रेष्ठले बालसाहित्यसम्बन्धी १६ थान पुस्तक र एउटा पुस्तक राख्ने झोला हस्तान्तरण गर्नुभएको हो ।

हेटौँडा अस्पतालको बालबालिका वार्डमा प्रयोग गर्ने गरी पुस्तक र पुस्तक राख्ने झोला हस्तान्तरण गरिएको हो । यसअघि पठन संस्कृतिको विकास गर्ने उद्देश्यले हेटौँडाबाट प्रकाशन हुने समृद्ध समाज राष्ट्रिय दैनिकले हेटौँडा अस्पतालमा उपचाररत विरामी र तिनका कुरुवालाई अध्ययनका लागि पुस्तक हस्तन्तरण गरेको थियो । हेटौँडा अस्पतालको बालबालिका वार्ड, सर्जरी तथा हाडजोर्नी वार्ड र जनरल वार्डमा पुस्तक राखिएको छ । हेटौँडा अस्पतालका नर्सकाअनुसार अस्पतालमा उपचाररत विरामी र तिनका कुरुवाले पुस्तक पढ्न थालेका छन् । अस्पतालमा उपचाररत विरामी र तिनका कुरुवा मोवाइल फोनको प्रयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न पुस्तकको व्यवस्था गरिएको हो ।

# उपमहानगरको वार्षिक उत्सवमा मैत्रीपूर्ण खेल हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको ५५ औं वार्षिक उत्सवको अवसरमा विभिन्न खेलकुद कार्यक्रम हुने भएको छ । ५५ औं स्थापना दिवसको अवसरमा उपमहानगरपालिकाका जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण खेलकुदको प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिताअन्तर्गत् आज बिहीबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा विहान ८ बजेदेखि मैत्रीपूर्ण पुरुष भेट्रान्स फुटबल प्रतियोगिता हुनेछ। प्रतियोगितामा पुरुष जनप्रतिनिधि र पुरुष कर्मचारीबीच प्रतिस्पर्धा हुनेछ। यस्तै, शुक्रबार हेटौंडा-४ स्थित कमलडाँडाको फुटसल कोर्टमा मैत्रीपूर्ण फुटसल प्रतियोगिता हुनेछ । प्रतियोगितामा महिला जनप्रतिनिधि र महिला कर्मचारी टिमबीच खेल हुनेछ । यस्तै, शुक्रबार नै दिउँसो २ बजे जनप्रतिनिधि र कर्मचारीको टिमबीच हेटौंडा-४ स्थित हुप्रचौरमा भलिबल प्रतियोगिता हुनेछ ।

# संस्कृत व्याकरण विमोचन

समाज संवाददाता

हेटौंडाः लेखक उदिम पन्तले लेखेको प्रारम्भिक संस्कृत व्याकरण विमोचन भएको छ । बुधबार हेटौंडा-४, भैरवरोडस्थित साहित्य संगम मकवानपुरको सभाहलमा एक कार्यक्रमका बीच पुस्तक विमोचन गरिएको हो ।

पछिल्लो समय संस्कृत भाषाको लोप भइरहेको बेला यसलाई जोगाउन पुस्तक लेखेको पन्तले बताउनुभयो । पुस्तक संस्कृत, नेपाली, अंग्रेजी तीन वटै भाषामा लेखिएको छ। उहाँले विद्यालयहरुमा पनि संस्कृत भाषा पढाएर भाषाको संरक्षण गर्नुपर्ने बताउनुभयो ।

'संस्कृत हाम्रो मुल जननी हो । त्यसैले संस्कृत भाषा पढ्नुपर्छ', पन्तले भन्नुभयो- 'त्यसो गर्दा भाषा विकृत हुन पाउँदैन।' अंग्रेजी माध्यमका विद्यार्थीहरुलाई मध्यनजर गर्दै संस्कृत व्याकरण लेखिएको पन्तले बताउनुभयो ।

कार्यक्रम सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिलको अध्यक्षतामा तथा पण्डित सीताराम खनालको प्रमुख आतिथ्यमा भएको हो ।

# प्रदेशस्तरीय जुनियर तेक्वान्दोका खेलाडीलाई बिदाई

समाज संवाददाता

हेटौंडाः चौथो संस्करणको बागमती प्रदेशस्तरीय जुनियर आमन्त्रण तेक्वान्दो प्रतियोगितामा छनोट भएका खेलाडीहरुलाई बिदाई गरिएको छ। माघ २५ गतेदेखि २७ गतेसम्म काठमाडौंमा हुन लागेको मेयर कप तेक्वान्दो प्रतियोगिताका लागि हेटौंडा उपमहानगर पालिकाबाट छनोट भएका २० जना खेलाडीलाई बिदाई गरिएको हो ।

नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेको समाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा मंगलबार एक कार्यक्रमबीच खेलाडीहरुलाई बिदाई गरिएको हो । खेलाडीहरुको प्रतिनिधित्व गर्न टिम कोचको रुपमा विक्रम लामिछाने र टिम म्यानेजरको रुपमा र वीन्द्र दंगाल आज बुधबार काठमाडौं जानु हुनेछ ।

हेटौंडा उपमहानगरपालिका प्रमुख लामाले प्रतियोगितामा छनोट भएका खेलाडीहरुलाई अनुशासनको पालना गर्न आग्रह गर्नुभएको छ। उहाँले प्रतियोगितामा राम्रो नतिजा हासिल गर्ने खेलाडीहरुलाई विशेषरुपमा प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रतियोगितामा सहभागी भएका खेलाडीहरुको यातायातलगायतको खर्च हेटौंडा उपमहानगरपालिकाले व्यहोर्नेछ ।

छनोट हुनेमा महिलातर्फ निर्जला माझी, शितल बर्तौला, माधुरी घलान, सुहासना राना मगर, सुस्मा घलान, सुजना कुँवर, रोशनी मोक्तान र अनिशा बिक रहेका छन्। पुरुषतर्फ संयोग माझी, विवेक श्रेष्ठ, प्रिन्स शाह, कृष थिङ, असिम कुँवर, सुशान्त श्रेष्ठ, जेनिश कार्की र कार्साङ थिङ रहेका छन् । यस्तै, पुम्सेतर्फ चाँदनी हयु, सुहान गुरुङ, कविन राई र रोशनी राई रहेका छन् ।

हेटौंडा उपमहानगरपालिकाभित्रका खेलाडीहरुबीच प्रतिस्पर्धा गराई प्रत्येक तौल समूहमा प्रथम हुने खेलाडीहरुलाई छनोट गरिएको मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले जानकारी दिनुभएको छ। छनोट प्रतियोगितामा सहभागी भएका करिब ८० जना खेलाडीहरुमध्ये २० जनामात्र छनोट हुन सफल भएको अध्यक्ष बज्राचार्यले बताउनुभयो ।

# छोरी कुट्ने बाबुले बुझाए ५० हजार धरौटी

समाज संवाददाता

हेटौंडाः आफ्नै छोरीलाई निर्घात कुटपिट गरी पक्राउ परेका बाबु धरौटी बुझाएर रिहा भएका छन् । सोमबार ५० हजार धरौटीमा रिहाई भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

गत पुस २१ गते महोत्तरी एकडाँडा गाउँपालिका-३ घर भई हाल हेटौंडा-५, सिंचाईटोल बस्ने २७ वर्षीय रामजी मण्डलले आफ्नै ४ वर्षीया छोरीलाई पढाउने क्रममा कुटपिट गरेको भनि पक्राउ गरिएको थियो । मण्डलले छोरीलाई पेन्सिलले मुख र शरीरको विभिन्न भागमा घोची घाइते बनाएका थिए । घाइते छोरीको हेटौंडा अस्पताल उपचारपश्चात् केही सयम सेफ हाउसमा राखिएको थियो ।

बालिकालाई कुटपिट गर्ने मण्डललाई नियन्त्रणमा लिई बालबालिकाबिरुद्ध कसुर मुद्दामा प्रहरीले माघ १५ गतेसम्म अनुसन्धानका लागि हिरासतमा राखेको थियो । जिल्ला अदालत मकवानपुरले धरौटीमा मण्डललाई रिहाई गरेको हो ।

# सोनाम ल्होछारको अवसरमा राक्सिराङमा ३ दिन सार्वजनिक विदा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाले सोनाम ल्होछारको अवसरमा तीन दिन सार्वजनिक बिदा दिएको छ। तामाङ समुदायको बाहुल्यता रहेको राक्सिराङ गाउँपालिकामा सांस्कृतिक पर्व मञ्जुश्री सम्वत २८६० डुक/मु पुखी (गरुड बर्ष) सोनाम ल्होछारको अवसरमा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले शुभकामना सन्देश जारी गर्दै ३ दिन सार्वजनिक बिदा दिनुभएको हो ।

गाउँपालिकाले ल्होसारको अवसरमा माघ २६, २७ र २८ गते तीन दिन सार्वजनिक बिदा दिएको हो । माघ २७ गते माघ शुक्ल प्रतिपदाको दिन मनाउने सोनाम ल्होछारको उपलक्ष्यमा गाउँपालिकाभित्रका सार्वजनिक कार्यालय, सरकारी कार्यालय, शिक्षण संस्था एवम् बैंक तथा वित्तीय संस्थाहरु बन्द रहने जनाइएको छ ।

अध्यक्ष मल्लले पर्वले बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, जातीय विविधतायुक्त गाउँपालिकाका सम्पूर्ण जनतामा आपसी सदभाव, सामाजिक एकता र भातृत्व कायम गर्ने उल्लेख गर्नुभएको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ